निर्णयहरू

१. प्रत्येक मन्त्रालयले मातहत निकायमा सूचना अधिकारी तोकि नसकेको भए तोक्ने व्यवस्था मिलाउने ।
२. प्रमुख जिल्ला अधिकारीको संयोजनमा जिल्लामा हुने कार्यालय प्रमुखहरूको बैठकमा सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनलाई नियमित छलफल गर्ने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई लेखी पठाउने।
३. नियमित बजेट अन्तर्गतको मिल्दो शीर्षकबाट प्रत्येक मन्त्रालयले हाललाई मन्त्रालयस्तरमा सूचना अधिकारीलाई मोबाइल र सीम कार्ड उपलब्ध गराउने र त्यस्तो मोबाइल न. सूचना अधिकारीले प्रयोगमा ल्याउने ।
४. सूचनाको हक सम्बन्धी ऐन, २०६३ को दफा ५ अनुसार ३/३ महिनामा सूचना अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको र मन्त्रालयमा चौमासिक रूपमा प्रतिवेदन गर्ने व्यवस्था रहेकोले सूचनाको हक सम्बन्धी प्रकाशनलाई पनि ४/४ महिनामा गर्ने व्यवस्था मिलाउन प्राप्त सुझावबारे राष्ट्रिय सूचना आयोग समक्ष सिफारिश गर्ने ।
५. प्रत्येक निकायले महत्वपूर्ण सूचनाहरू सूचना अधिकारीलाई उपलब्ध गराउने तथा महत्वपूर्ण बैठकमा सूचना अधिकारीलाई सहभागी गराउने व्यवस्था मिलाउने ।

२

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(आर्थिक तथा पूर्वाधार विकास महाशाखा)

सिंहदरवार काठमाडौं
नेपाल

पत्रसंख्या:-
च नं :- ७२/०७२-०७३ २४८५

मितिः २०७२।११।३०

विषय :- बैठकको निर्णय कार्यान्वयन गर्ने बारे।

श्री सवै मन्त्रालयहरु।
श्री राष्ट्रिय योजना आयोग/ श्री राष्ट्रिय सूचना आयोग/ श्री नेपाल कानून आयोग/ श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग/ श्री लोक सेवा आयोग/ श्री महालेखा परीक्षकको कार्यालय/ श्री महालेखा नियन्त्रकको कार्यालय/ श्री सार्वजनिक खरीद अनुगमनको कार्यालय/ श्री जल तथा उर्जा आयोग/ श्री नेपाल ट्रष्टको कार्यालय/ श्री राष्ट्रिय सतर्कता केन्द्र।

मिति २०७२।११।२८ गतेका दिन सूचनाको हकको कार्यान्वयन सम्बन्धी केन्द्रीय समन्वय इकाइका संयोजक एवं यस प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री केदार बहादुर अधिकारीज्यूको अध्यक्षतामा विभिन्न निकायका सूचना अधिकारीहरुको बैठक बसी गरेको निर्णयको तहाँसंग सम्बन्धित बुदाँ कार्यान्वयन गर्नु हुन निर्णयको छायाँप्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(माधव थापा)
शाखा अधिकृत

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो व नं: २३३१२, काठमाडौं, नेपाल
ई मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np